# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## नरैनापुर गाउँपालिका
## बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः२०७८/७९
च.नं. ८५ मितिः२०७८/०५/०४

श्री अध्यक्षज्यू,
नरैनापुर गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
बाँके।

विषयः  लेखापरीक्षण प्रतिवेदन ।


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ०४ गते

महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश )


पत्र संख्या:२०७८/७९
च.नं. ८५ मिति: २०७८/०५/०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नरैनापुर गाउँपालिका,
बाँके ।

**कैफियत सहितको राय**

हामीले नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ३ करोड ६१ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १९ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु १ करोड ४५ लाख १९ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ४ लाख १९ हजार र पेश्की बाँकी रु ९२ लाख ७३ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २९ (उनन्तीस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत

रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

**नरैनापुर गाउँपालिका, बाँके**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६/०७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नरैनापुर गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँ पालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, १७२.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४० हजार ८ सय जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ९३५९९१२ | १ | **चालु खर्च** | २१९६३४१८८.४१ | २१९६३४१८८.४१ |
| | क) नगद | ०.०० | | २ | **पूँजीगत खर्च** | १२७८३८७१३ | १२७८३८७१३ |
| | ख) बैंक | ९३५९९१२ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | ०.०० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ७९५३५०१५.३३ | | क) ऋण भुक्तानी | ०.०० | |
| | क) आन्तरिक राजस्व | ७९५५७५२.८९ | | | ख) ब्याज भुक्तानी | ०.०० | |
| | ख) राजस्व बाँडफाँड | ७१५७९२६२.४४ | | | ग) अन्य भुक्तानी | ०.०० | |
| | ग) अन्य आय | ०.०० | | ४ | **लगानी** | | ०.०० |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | २४९४३३३७६ | | ऋण लगानी | ०.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | १०९६००००० | | | शेयर लगानी | ०.०० | |
| | ख) सशर्त अनुदान | १२६६२२५०४ | | | अन्य लगानी | ०.०० | |
| | ग) समपूरक अनुदान | १३२१०८७२ | | ५ | **धरौटी फिर्ता** | ४८०८०४७ | ४८०८०४७ |
| | घ) विशेष अनुदान | ०.०० | | ६ | **जनश्रमदान फिर्ता** | | ०.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १८७७२००० | ७ | **कोष फिर्ता** | | ०.०० |
| | क) वित्तिय समानीकरण अनुदान | ४५७२००० | | ८ | **मौज्दात** | | ६६५४८२३.३३ |
| | ख) सशर्त अनुदान | ९०००००० | | | क) बैंक मौज्दात | ६६५४८२३.३३ | |
| | ग) समपुरक अनुदान | ०.०० | | | ख) नगद मौज्दात | ०.०० | |
| | घ) विशेष अनुदान | ५२००००० | | ९ | **शसर्त अनुदान फिर्ता** | | २९७२५७८ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ०.०० | १० | **गत बर्षको बढी अल्या** | | ०.०० |
| ६ | **अन्य** | | ०.०० | ११ | **जनश्रमदान मौज्दात** | | ०.०० |
| | क) क्षेत्रीय शहरी विकास योजना | ०.०० | | १२ | **धरौट मौज्दात** | | ६७६९३९९.५७ |
| | ख) सडक बोर्ड नेपाल | ०.०० | | १३ | **कोष खाताको मौज्दात** | | ०.०० |
| | ग) पर्यटन बोर्ड नेपाल | ०.०० | | | | | |
| | घ) एन एन एस डब्लु ए | ०.०० | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ०.०० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | ०.०० | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त** | | ०.०० | | | | |
| १० | **धरौटी आय** | ११५७७४४५.९८ | ११५७७४४५.९८ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | ०.०० | ०.०० | | | | |
| १२ | **अन्य विविध आय** | ०.०० | ०.०० | | | | |
| | **जम्मा** | ३६८६७७७४९.३१ | ३६८६७७७४९.३१ | | **जम्मा** | ३६८६७७७४९.३१ | ३६८६७७७४९.३१ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरिक्षणको क्रममा असुली :** लेखापरीक्षणमा औंल्याईए पछि कार्यालयल बाट बढी ग्रेड तथा तलब वापतको रकम र नर्म्सभन्दा बढी भुक्तानी भएको बैठक भत्ता रु.३७,६३५/- लेखापरीक्षणको क्रममा असुल भएको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर पालिकाको आ.व.२०७५/०७६ को लेखापरीक्षण प्रतिवेदनअनुसार वासलातमा गत वर्षको अन्त्यमा बैंक मौज्दात कायम भएको देखिदैंन र अनुसूची १ मा उल्लेख मौज्दातको विवरणमा ६४२१०००।— मौज्दात रहेकोमा यो बर्षको शुरुमा रु.९३५९९१२/- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा कति बढी जिम्मेवारी सरेको सम्बन्धमा एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु. | २९३८९१२ |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श | |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । | |
| | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। | |
| | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो | |
| | • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । | |
| | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |
| | • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । | |
| | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |
| | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । | |
| | • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |
| | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |
| | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |
| | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । | |
| | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |
| | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |
| | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। | |
| | • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको | |
| | • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७४ जनाको दरबन्दी रहेकोमा १५ दरबन्दी रिक्त रहेको पाईयो । | |
| | • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |
| | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका | |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७७ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री जयन्ती देवी श्रीवास्तवले मिति २०७६।०३।०९ गते रु.४३ करोड ३४ लाख १ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष अध्यक्षको सिफारिशमा कार्यान्वयन हुने योजना तथा कार्यक्रममा रु २ करोड २७ लाख ४२ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ :<br>क. आर्थिक वर्ष २०७५।७६ मा गौशाला व्यवस्थापन तथा पोखरी निर्माण उपभोक्ता समिती सँग भएको सम्झौता अनुसारको कामको भुक्तानी रु ३,०३,८१७।०० अध्यक्षको सिफारिशमा कार्यान्वयन हुने योजना तथा कार्यक्रम वाट भएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । गत वर्षको भुक्तानी वाँकीको विवरण प्रमाणित नगरी अवण्डा रकमवाट भुक्तानी भएको छ | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | । | |
| ७. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ३००००००/- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| १०. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

(रु. हजारमा)

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २१९६३४ | ४१००८ | ५६०३८ | १२२५८७ | ६०४१६ |
| २ | पूँजिगत खर्चतर्फ | १२७८३८ | ७४६८ | ४०९११ | ७९४५८ | ५३७०३ |
| | जम्मा | ३४७४७२ | ४८४७६ | ९६९४९ | २०२०४५ | ११४११९ |
| | प्रतिशत | १०० | १३.९५ | २७.९० | ५८.१५ | ३२.८४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३४ करोड ७४ लाख ७२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ८४ लाख ७६ हजार अर्थात १३.९५ प्रतिशत, दोश्रो चौमासिकमा रु.९ करोड ६९ लाख ४९ हजार, अर्थात २७.९० प्रतिशत र तेश्रो चौमासिकमा रु.२० करोड २० लाख ४५ हजार, अर्थात ५१.१५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.११ करोड ४१ लाख १९ हजार अर्थात ३२.८४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ११. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (तालिका तल) | |

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८१४५००० | ७७९०९०२ | २.२४ |
| २ | पूर्वाधार विकास | १८१५५५००० | ११४८७५९६१ | ३३.०६ |
| ३ | सामाजिक विकास | १६४९३४००० | १३७९२३७६६.४१ | ३९.७० |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६५६९००० | १४३६६९९० | ४.१३ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८८२१७००० | ७२५१२२८२ | २०.८७ |
| | **जम्मा** | ४५९४२०००० | ३४७४६९९०१.४१ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३९.७० प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी २.२४ प्रतिशत रहेको छ । | |
| १२. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.७९ लाख ५५ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.३३ करोड ९७ लाख ८३ हजार समेत रु.३४ करोड ७७ लाख ३६ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२१ करोड ९६ लाख ३४ हजार र पूँजिगत तर्फ रु.१२ करोड ७८ लाख ३८ हजार समेत रु.३४ करोड ७४ लाख ७२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.१६ प्रतिशत चालु र ३६.७६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १३. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६३ जना कर्मचारीहरु करारमा राखि रु.८०४७७६०/- खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ३ पदमा ४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.९६००००/- भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>९६००००</td></tr>
<tr><td>१५.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।</td><td></td></tr>
<tr><td>१६.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>६</td><td>६</td><td>४</td><td>२</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । पालिकाले लेखापरीक्षण अविधिसम्म १७ वटा ऐन, ४ वटा नियमावली, १० वटा कार्यविधि, ४ वटा निर्देशिका र १ वटा नर्म्स गरी ३६ वटा कानुन निर्माण भई कार्यान्वयनमा आएका छन् । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१३३६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>मृत्युदर्ता</td><td>३१४</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>३०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२३०</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१० कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>५ कि.मि.</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
<tr><td>१९.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>५</td><td>७</td><td>१४</td><td>१७</td><td>२४</td><td>६७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि १० लाख सम्मका जम्मा ६७ वटा योजना संचालन गरेकोमा रु.१ लाख देखि ५ लाख भन्दा मुनिका मात्र २६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td></td><td>• कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>२०.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५७ र यो बर्ष थप भएको १३ गरी कुल ७० विवाद दर्ता भएकोमा ४४ वटा मात्र फछ्र्यौट भई २६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td>• पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>२१.</td><td>स्वकीय सचिव र सल्लाहकार - लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्ष को स्वकीय सचिवका रुपमा श्री धन बहादुर खड्का लाई नियुक्त गरी वार्षिक रु.२५८०००/-, प्रेश सल्लाहाकारमा श्री नविन गिरीलाई नियुक्त गरी वार्षिक रु.१८००००/- र कानुनी सल्लाहाकारमा श्री बल</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बहादुर चन्दलाई नियुक्त गरी वार्षिक रु.२४००००/- भुक्तानी भएको छ । | |
| २२. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.६००००००/- खर्च गरेको छ । | |
| २३. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.५८८१००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| २४. | **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष नरैनापुर आवाज संस्थाको कार्यालय व्यवस्थापन खर्चको लागि रु.२५०५५०/- अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।<br>**सि.नं.** \| **अनुदान पाउने संस्थाको नाम** \| **प्रयोजन** \| **अनुदान रकम**<br>१ \| नरैनापुर आवाज \| कार्यालय \| २५०५५०<br>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २६. | **म्याद थप नगरी भुक्तानी : गो.भौ. १०।२०७६।६।१७ः ठे.नं. ३१।२०७४।७५-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(२.ङ) मा खरिद सम्झौतामा कार्य सम्पादन गर्नु पर्ने समय उल्लेख गर्नुपर्ने र नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्वन्धी व्यवस्था रहेको छ । वानीया गाँउ देखि महनेनीया गाँउ सम्म सडक पि.सी.सी. गर्ने कार्यका लागि पालिका र निर्माण व्यवसायी दिनेश निर्माण सेवा वीच कवोल अंक रु १०,०५,७७२।८९ को मिति २०७६।३।३० मा सम्पन्न गर्ने गरी मिति २०७५।३।३० मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत रु ९,९३,०५५।५९ भुक्तानी भएको छ । पालिकाले यस निर्माण कार्यका लागि निर्माण व्यवसायी दिनेश निर्माण सेवा सँग सम्झौता गरी काम गरेकोमा शुरु सम्झौता अनुसारको म्याद भित्र कार्य सम्पन्न नभएको र म्याद थप समेत भएको देखिएन । म्याद समाप्त भएकोमा म्याद थप नगरी मिति २०७६।६।१७ मा भुक्तानी दिएको नियमसम्मत देखिएन रु ........................................ | ९९३०५५ |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७. | **प्रोभिजनल सम(PS) को भुक्तानी :** गो.भौ. ३९।०७६।९।२९ : ठे.नं. ११।०७५।७६- नरैनापुर सामुदायिक भवन निर्माण कार्यका अन्तिम विल वापत निर्माण व्यवसायी त्रिदेव निर्माण सेवा लाई रु १८,०४,४१९।११ भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br><br>**क.** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वी.ओ.क्यू.को आइटम बीमामा रु २०,०००।०० प्रोभिजनल सममा राखिएको छ । प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा पेश भएको वास्तविक विल अनुसार भुक्तानी हुनु पर्दछ । निर्माण व्यवसायीले वीमा वापतको रु २०००० (मू.अ.कर समेत) विल पेश गरेकोमा पालिकावाट रु २६००।०० मू.अ.कर थप गरी भुक्तानी भएको पाइयो । अतः प्रोभिजनल सम वापत विल भन्दा वढी मू.अ.कर थप गरी भुक्तानी दिएको रु २६००।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु.... | २६०० |
| | **ख.** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४.१. मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि अन्तिम विलको भुक्तानी दिनु पर्ने व्यवस्था छ । नियम ११७.१ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नियम १२५.१. मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यको निर्माण व्यवसायीवाट निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा पेश भएको छैन् । निर्माण कार्यको स्पेशिफिकेशन वमोजिम परीक्षण प्रतिवेदनमा Grade of Concrete M20 को ७ दिनको **Average Strength** परीक्षण गरेको छ भने Grade of Concrete M20 को २८ दिनको **Average Strength** परीक्षण गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार (एज बिल्ट) नक्सा पेश नगरेको र प्रयोगशाला परीक्षण नगरी भुक्तानी दिएको नियम सम्मत देखिएन रु............. | १८०४४१९ |
| | **स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम :** | |
| २८. | **प्रोभिजनल सम(PS) को भुक्तानी :** गो.भौ. ६।०७७।२।२५ : ठे.नं. ५।०७६।७७- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । जय किसन उच्च माध्यमिक विधालयको दुई तलाको दुई कोठे भवन निर्माण कार्यका लागि दोश्रो रनिङ्ग विल वापत निर्माण व्यवसायी भट्टराई कन्स्ट्रक्सन लाई रु २१,७०,९३०।०० भुक्तानी दिएको देखियो । वी.ओ.क्यू.को आइटम बीमामा रु २५,०००।०० प्रोभिजनल सममा राखिएको छ । प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा पेश भएको वास्तविक विल अनुसार भुक्तानी हुनु पर्दछ । निर्माण व्यवसायीले वीमा वापतको रु २५००० (मू.अ.कर समेत) विल पेश गरेकोमा पालिकावाट रु ३२५०।०० मू.अ.कर थप गरी भुक्तानी भएको पाइयो । अतः प्रोभिजनल सम वापत विल भन्दा वढी मू.अ.कर थप गरी भुक्तानी दिएको रु ३२५०।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु.... | ३२५० |
| २९. | **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे सवारी साधन खरिदमा रु १,०९,१३,५८१/- बजेटबाट खर्च गरेको छ । | |

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | जीप | १ | ७०७५००० |
| २ | मोटरसाईकल | २ | ६४९५८१ |
| ३ | बस | १ | ३१८९००० |
| | **जम्मा** | | १०९१३५८१ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| ३०. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय(व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८३५४०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.७९५५७५२.८९ अर्थात अनुमान भन्दा ५६.६५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३१. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४७४७२९०१.४० | ७९५५७५२.८९ | २.२९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २०००००० /- | ५०३९५८२.८९ | २५१ |
| घरजग्गा वहाल कर | ० | ० | ०.०० |
| व्यवसाय कर | ० | ० | ०.०० |
| वहाल विरौटी शुल्क | १८०००० | ३४९५६० | १९४.२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **आयकर एवं मू.अ.कर** | |
| ३३. | **मूल्य अभिवृद्धि कर कट्टी -** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.२०१६३५६/- कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | २०१६३५६ |

| गो. भौ. र मिति | पार्टीको नाम र प्यान नं | विल नं. | विलको मिति | विल रकम | मु.अ.कर | ५० प्रतिशत मु.अ. कर |
|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण चालु तर्फ | | | | | | |
| २४(२०७६।०६।११ | B.M.S.P Construction & Consultancy Pvt. L. (606559836) | ०१ | २०७६/५/२० | २९५००० | ३८३५० | १९१७५ |
| २८( २०७६।६।१५ | Shangrila Ifromatics Pvt. Ltd. (301544773) | ०६१ | २०७६/६/१३ | ४४१००० | ५७३३० | २८६६५ |
| | Eco-Plus Pvt. Ltd. (600557636) | ०१२ | २०७६/६/१३ | ४४१००० | ५७३३० | २८६६५ |
| ९१( २०७६।९।११ | Universal Traders (305656182) | १३९ | २०७६/८/१६ | ४२७३३६ | ५५५५४ | २७७७७ |
| ३३५( २०७७।३।३१ | सन्जाल गार्मेन्ट उद्योग, बाँके (६०२७२७१८९) | ५३ | २०७७/१/२८ | ३५७०८५ | ४६४२१ | २३२१० |
| ३३७( २०७७।३।३१ | एच.पी. ब्याग हाउस (६०६४५४५४२) | १५३ | २०७७/३/१७ | २७१२५० | ३५२६२.५ | १७६३१ |
| १३( २०७६।७।१७ | सिरिज नेटवर्क प्रा.लि. | २१ | २०७६।७।३ | ४४२३३९.८ | ५७५०४ | २८७५२ |
| ७७(२०७७।।१५ | सञ्जाल गार्मेन्ट उद्योग | ३७ | २०७७।१।८ | ४४१२२५ | ५७३५९ | २८६७९ |
| १३३(२०७७।३।२१ | सिरिज नेटवर्क प्रा.लि. | ०८६ | २०७७।३।२० | ४३५००० | ५६५५० | २८२७५ |
| ११८(२०७७।३।३१ | निशान कम्प्युटर ट्रेडर्स | ८३९ | २०७७।३।३ | ४४०९६२ | ५७३२५ | २८६६२ |
| १६५( २०७७।३।२५ | पन्ना आयरन स्टोर्स | ८०९( ८१४ | २०७७।३।२० | ८१९००० | १०६४७० | ५३२३२ |
| १७५( २०७७।३।३० | युसुफ हार्डवेयर | ३५२ | २०७७।३।१९ | ७५५८६० | ९८२६१ | ४९१३० |
| **कृषि चालु** | | | | ० | ० | ० |
| ११( २०७६।९।१७ | एकता ट्रेडर्स | १४१ | २०७६।७।६ | ४३९७४० | ५७१६६ | २८५८३ |
| **स्वास्थ्य चालु** | | | | ० | ० | ० |
| ४( २०७६।८।१८ | विग मेडिटेक | २१(२ | २०७६।८।१२ | ३९०१२५ | ५०७१६ | २५३५८ |
| १५(२०७६।१०।१३ | बाबा फर्निचर उद्योग | ३२ | २०७६।९।२७ | १६६०७९ | २१५९० | १०७९५ |
| १५(२०७६।१०।१३ | युनिक एवन स्टील फर्निचर | ०७६ | २०७६।९।२७ | १६७०७९ | २१७२० | १०८६० |
| १५(२०७६।१०।१३ | ग्लोवल साइन्टिफिक कर्पोरेसन | ८००-८०४ | २०७६।९।२१ | ४१९९१० | ५४५८८ | २७२९४ |
| **प्रदेश हस्तान्तरित** | | | | ० | ० | ० |
| ५( २०७७।१।२९ | पञ्चदेवल गार्मेण्ट उद्योग | १३८ | २०७६।१२।१० | ३१८७५० | ४१४३७ | २०७१८ |
| ५( २०७७।१।२९ | विश्वबन्धु फेन्सी स्टोर | १४० | २०७६।१२।५ | ३००००० | ३९००० | १९५०० |
| १९( २०७७।३।१७ | नन्दुकराम होलिराम | ३२२७ | २०७७।३।१५ | ४४२००० | ५७४६० | २८७३० |
| २९( २०७७।३।३१ | नन्दुकराम होलिराम | २७९५ | २०७७।२।२१ | ३५२५०० | ४५८२५ | २२९१२ |
| **पूँजीगत तर्फ** | | | | ० | ० | ० |
| ५।२०७६।६।१६ | Engineerko Ghar Pvt.Ltd, Ktm (६०५९६३६७६) | ०२ | २०७६।६।१३ | ८८०६११ | ११४४७९ | ५७२३९ |
| | Mega Civil Engineering Solution, Bardiya (६०६८१८६१८) | ०२ | २०७६।७।१४ | ८८१००० | ११४५३० | ५७२६५ |
| | Munal Consultant Pvt. Ltd. Ktm (६०६८१८७३७) | ०२ | २०७६।६।१३ | ८८२५०० | ११४७२५ | ५७३६२ |
| | One Degree Consultant Pvt.Ltd. Ktm (६०९५७१२१३) | ०१ | २०७६।६।१२ | ४४११०० | ५७३४३ | २८६७१ |
| | Ideal Management Pvt. Ltd. Ktm (६०४२६८९२१) | ०१ | २०७६।६।१२ | ४४०९०० | ५७३१७ | २८६५८ |
| ३।०७६।६।११ | आयुष निर्माण सेवा, बाँके (६०५७५३२२०) | १ | २०७६।६।८ | ४४०१७७ | ५७२२३ | २८६११ |
| | मुनलाईट कन्स्ट्रक्सन (६०५१५६९६४) | ३ | २०७६।६।८ | ४३९६८० | ५७१५८ | २८५७९ |
| ७।०७६।६।१६ | अभियान नि.से. (३०३४६७५७५) | २ | २०७६।४।१५ | ४४६८३१ | ५८०८८ | २९०४४ |
| | निशान कम्प्युटर ट्रेडर्स (६०१५४८४६२) | ९८ | २०७६।६।२ | १६०७३० | २०८९५ | १०४७५ |
| २१।०७६।८।१५ | योगेश मेशिनरी (३०४७९६६३४) | ४७६ | २०७६।८।१ | २७८४९६ | ३६२०४ | १८१०२ |
| | IT Solution & Trade Concern ( ३०१९६७४५५) | ४९ | २०७६।८।२ | ३८७६११ | ५०३८९ | २५१९४ |
| २३।०७६।८।१८ | Agni Incorporated Pvt. Ltd | १७६ | - | ६२६१०६२ | ८१३९३८ | ४०६९६९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (३०००४५५७२) | | | | | |
| २५।०७६।८।२० | नुर कन्स्ट्रक्सन (६०८९६३३२१) | १ | २०७६।८।१७ | ४३३९६२ | ५७९५६ | २८९७८ |
| ३३।०७६।९।१६ | Nextgen Computers (६०५७११८५९) | ३३ | २०७६।८।१८ | ४४०२३७ | ५७२३० | २८६१५ |
| ३७।०७६।९।२० | खान निर्माण सेवा (६०८६९८०९८) | १ | ... | ३५२६३० | ४५८४२ | २२९२१ |
| | सैयद गाजी फत्ते नि.से. (३०००२६९७१) | २ | २०७६।९।९ | ३५२६३० | ४५८४२ | २२९२१ |
| | पौडेल कन्स्ट्रक्सन (६०७०८०००३) | १ | २०७६।८।२० | ४४१८७९ | ५७४४४ | २८७२२ |
| | जय बागेश्वरी नि.से. (६०५१९१४११) | ५ | २०७६।८।२० | ४४१९३४ | ५७४५१ | २८७२५ |
| | एस. निर्माण सेवा (३०१४६७११९) | ४ | २०७६।८।२० | २४२२२७ | ३१४९० | १५७४५ |
| ४२।०७६।१०।८ | निशान कम्प्युटर ट्रेडर्स (६०१५४८४६२) | ४५७ | २०७६।९।२६ | १८४२०४ | २३९४६ | ११९७३ |
| | | ४५८ | २०७६।९।२७ | २१३१०६ | २७७०४ | १३८५२ |
| ४४।०७६।१०।८ | आउटलुक सप्लायर्स (६०७७०४५१०) | १०८ | २०७६।९।२५ | ३३५८४१ | ४३६५९ | २१८२९ |
| ५४।०७६।१०।१७ | भंवर भवानी नि.से. (३०००२५१०३) | १० | २०७६।९।२९ | ४४११७६ | ५७३५२ | २८६७६ |
| | हरि ओम कन्स्ट्रक्सन (६०८७४३६०२) | १ | २०७६।१०।१७ | ३९८१२० | ५१७५६ | २५८७८ |
| ५६।०७६।१०।१७ | ख्वाजा गरब नवाज फत्ते नि.से. (१०६८५६९२१) | १ | २०७६।१०।१५ | ३२७२२४ | ४२५३९ | २१२६९ |
| प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम | | | | ० | ० | ० |
| ३।०७६।९।१६ | निशान कम्प्युटर ट्रेडर्स (६०१५४८४६२) | ३२८ | २०७६।८।२० | २१७६५४ | २८२९५ | १४१४७ |
| | | ३३७ | २०७६।८।२१ | ३२९०९ | ४२७८ | २१३९ |
| | | ३३८ | २०७६।८।२१ | ८७७९९ | ११४१४ | ५७०७ |
| | | ३४० | २०७६।८।२२ | ८६४६९ | ११२४० | ५६२० |
| | | ३४४ | २०७६।८।२२ | १२२९५४ | १५९८४ | ७९९२ |
| | | ३३३ | २०७६।८।२० | ७८७२५ | १०२३४ | ५११७ |
| १९।०७७।३।३० | किसान फर्निचर हाउस (३००३७६२१६) | ५७६ | २०७७।३।२६ | १७६८०० | २२९८४ | ११४९२ |
| संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम | | | | ० | ० | ० |
| २।०७६।८।२४ | उज्यालो उर्जा इन्टरप्राइजेज (६०५०५००५३) | २ | २०७६।७।५ | १६९९११ | २२०८८ | ११०४४ |
| ९।०७७।३।११ | युनिभर्सल ट्रेडर्स (३०५६५६१८२) | ३३४ | २०७७।३।३ | ३९१९७३ | ५०९५६ | २५४७६ |
| शिक्षा पूँजीगत | | | | ० | ० | ० |
| २।०७६।८।१८ | सिप्रदि ट्रेडिङ्ग प्रा. लि. (३०००४५०२२) | १७६- | - | २८२२१२३ | ३६६८७६ | १८३४३८ |
| ४।०७६।१०।११ | मिना ग्रिल उधोग (६०८७४७८१३) | ३ | २०७६।१०।९ | १२८३४३९ | १६६८४७ | ८३४२३ |
| ७।०७७।३।११ | राजु साइकल सप्लायर्स (३०२६८९९९८) | ४३९ | २०७७।०३।०२ | ४४१००० | ५७३३० | २८६६५ |
| जम्मा | | | | ३१०२०८६५ | ४०३२७१२ | २०१६३५६ |

- **उपभोक्ता समिति मार्फत कार्य**

३४. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **उपभोक्ता समितिलाई सीमा भन्दा वढी पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.५ मा उपभोक्ता समिति सँग खरिद सम्झौता भएपछि सार्वजनिक निकायले त्यस्तो समितिलाई सम्झौता रकमको वढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सक्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसार उपभोक्ता समितिलाई नियममा भएको व्यवस्था भन्दा वढी पेश्की भुक्तानी गरेको देखियो । उपभोक्ता समितिलाई सीमा भन्दा वढी पेश्की भुक्तानी गरेको नियम सम्मत भएन रु.................... | १६५२०६१ |

| गो.भौ. र मिति | उपभोक्ता समिति र कामको विवरण | सम्झौता रकम रु | पेश्की पाउने अधिकतम सीमा रु | पेश्की भुक्तानी भएको रकम रु | वढी पेश्की भुक्तानी रु | कैफियत |
|---|---|---|---|---|---|---|
| ५१।०७६।१०।९ | वन भवन निर्माण उ.स. | २४४९५०५.४४ | ८०८३३६ | १३२२२३५ | ५१३८९९ | ५३.९८% |
| ३०।०७६।८।२४ | बाबाको मजार सुधार निर्माण उ.स. | ४०७३३२२.३२ | १३४४१९६ | १९००००० | ५५५८०४ | ४६.६४% |
| | रगँशाला निर्माण उ.स. | ५५०८००७.१० | १८१७६४२ | २४००००० | ५८२३५८ | ४३.५७% |
| | | | | जम्मा | १६५२०६१ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३६. | **गो.भौ. ५१।०७६।१०।९:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । मटेहिया चोक, मटेहिया वडा नजिक र मोतिपुर स्कूलको पछाडि माटो पटान गर्ने कामका लागि यस पालिकाका अध्यक्षले रु ९९,७३१।०० वुझिलिएको देखियो । माटो ढुवानी वापत नरेश कुमार यादवले पालिकाका अध्यक्षवाट रु १,००,०००।०० वुझिलिएको भरपाईका आधारमा खर्च लेखेको छ । उक्त माटो पटान भएको परिमाण स्पष्ट देखिने गरी नापी किताव तयार गरेको देखिएन । उक्त काम भएको परिमाण स्पष्ट देखिने प्रमाण पेश हुनुपर्ने रु...... | ९९७३१ |
| ३७. | **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३८. | **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले रु १ करोडभन्दा वढी लागत अनुमान भएको १ योजनामा पालिकाले रु ९६,९९,८९९।०८ (जश्रमदान समेत) उपभोक्ता समितिबाट काम गराएको पाइयो । पालिकाले सीमा भन्दा वढिको लागत अनुमानको कार्य उपभोक्ता समितिवाट गराएको नियम सम्मत देखिएन रु....................... | ६०३८६२४ |

| उपभोक्ता समितिको नाम र कामको विवरण | पालिकाले तयार गरेको लागत अनुमान कन्टन्जेन्सी ३% समेत (ओभरहेड र मू.अ.कर वाहेक) | वास्तविक हुनुपर्ने लागत अनुमान (ओभरहेड र मू.अ.कर समेत) | भुक्तानी रकम |
|---|---|---|---|
| रोशनपुर देखि लक्ष्मणपुर हुदै रङ्गशाला सडक निर्माण उपभोक्ता समिति | ९६९९८९९.०८ | १२६०५०१८.८५ | ६०३८६२४ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| जम्मा | ९६९९८९९.०८ | १२६०५०१८.८५ | ६०३८६२४ |

सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।

**सशर्त कार्यक्रमतर्फ**

३९. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालय रहेकोमा निम्नानुसार विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | मदरसा सिराजिया इस्लारुल उलुम, गंगापुर | ० | ० | ० | १८८ |
| २ | दारुल उलुम अन्जुमन इस्लामिया, महतिनियाँ | ० | ० | ० | १११ |
| ३ | मदरसा जामिया अरबिया गरीब नमाज, जमुनाह | ० | ० | ० | २०८ |
| ४ | मदरसा खतिजतुल कुब्रा, बेउँचहवा | ० | ० | ० | १२७ |
| ५ | दारुल उलुम अमजादिया बरकातिया, बेउँचहवा | ० | ० | ० | २६८ |

विद्यार्थी संख्याको आधारमा शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

४०. **लागत अनुमान विना खरिदः** ११-२०७६/१०/११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रहि तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महामारी रोग नियन्त्रण गर्न निशुल्क औषधी वितरणको लागि शिलबन्दी दरभाउपत्र आह्वान गरी देउती सर्जिमेड प्रा.लि. लाई रु.२४३००१५/- भुक्तानी गरेको पाईयो । यसम्बन्धी देखिएका अन्य व्यहोरा निम्नानुसार छन्

४०.१. नियमावलीको व्यवस्था विपरीत लागत अनुमान तयार नगरी खरिद गरेकोले मालसामान खरिद गर्दा अनिवार्य लागत अनुमान तयार गरि खरिद गरिनु पर्दछ ।

४०.२. **दाखिला प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले मालसामान प्राप्त भएको सात दिनभित्र जिन्सी दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले औषधी खरिद वापत कुन्जन मेडिको कन्सर्न लाई रु.३०४९६ र देउती सर्जिमेड प्रा.लि. लाई रु.२४३००१५/- सहित कुल रु.२४९५५७३/- खर्च लेखेकोमा दाखिला प्रतिवेदन संलग्न रहेको पाइएन । साथै उपरोक्त औषधीहरु कहाँ के कति वितरण भई कति बाँकी छन भन्ने विवरण संलग्न रहेको देखिएन । कार्यालयले औषधिको दाखिला प्रतिवेदन र वितरण भई बाँकी मौज्दात देखिने प्रमाण पेश गर्नुपर्ने रु.......... २४९५५७३

**शिक्षा तर्फः**

४१. **विद्यालयगत निकासा रजिष्ट्रर:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने र अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राखु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राखु पर्दछ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४२.</td><td>घटी कर दाखिलाः आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने निम्नानुसार ढुवानी कर रु.१५००० कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td rowspan="2">४०(२०७६।११।१८</td><td>केशर जहाँ पठामिन</td><td>७५०००</td><td>१०%</td><td>७५००</td></tr>
<tr><td>ताहिर खाँ</td><td>७५०००</td><td>१०%</td><td>७५००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५०००</td></tr>
</table></td><td>१५०००</td></tr>
<tr><td>४३.</td><td>बढी अनुदानः १०७-२०७७।२।३२ कार्यालयले मदरसा जामिया अरविया उस्मानिया पंडितपुर्वालाई परम्परागत विद्यालय अनुदान अन्तर्गत रु.२४१०००/- भुक्तानी दिनुपर्नेमा रु.३२१०००/- भुक्तानी दिईएकोले बढी भुक्तानी भएको रु. ८०००० असुल गर्नुपर्ने</td><td>८००००</td></tr>
<tr><td>४४.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३१३ जनालाई रोजगारी उपलव्ध गराई रु.४५२३४३०/- खर्च गरेको छ । लक्षित वर्गलाई २० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सूर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td></td><td>समानीकरण पूँजिगततर्फ</td><td></td></tr>
<tr><td>४५.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुनेमा पालिकाले विभिन्न ३ वटा फर्मसंग निम्नानुसार पटक पटक सीमा भन्दा वढीको खरिद गरेको नियम सम्मत भएन रु..................................</td><td>३०७०९५२</td></tr>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>३।०७६।६।११</td><td>मुनलाईट कन्स्ट्रक्सन</td><td>माटो पटान</td><td>४९६८३८</td></tr>
<tr><td>२</td><td>२७९।०७७।३।३१</td><td>मुनलाईट कन्स्ट्रक्सन</td><td>माटो पटान र ग्राभेल</td><td>४८३४९१</td></tr>
<tr><td>३</td><td>४२।०७६।१०।८</td><td>निशान कम्प्युटर ट्रेडर्स</td><td>ल्यापटप, प्रिन्टर</td><td>२०८१५०</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | | निशान कम्प्युटर ट्रेडर्स | मोवाइल, ल्यापटप, कार्टेज | २४०८१० |
| ५ | ३।०७६।९।१६ | निशान कम्प्युटर ट्रेडर्स | विधुत विस्तार कार्यक्रम (विभिन्न विजक र मितिवाट) | ७०७९५६ |
| ६ | ५४।०७६।१०।१७ | हरि ओम कन्स्ट्रक्सन | Handcape Society Building Finishing | ४४९८७५ |
| ७ | २७७।०७७।३।३१ | हरि ओम कन्स्ट्रक्सन | माटो पटान र ग्राभेल | ४८३८३२ |
| | | | **जम्मा** | **३०७०९५२** |

४६. **परामर्श सेवा / डीपीआर खर्च** - गो.भौ. ५।०७६।६।१६: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको खरिद लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.३९,८४,५०५।०० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुंजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| परामर्शदाता | कामको विवरण | भुक्तानी रु |
|---|---|---|
| Engineerko Ghar Pvt.Ltd, Ktm | DPR of Jaya Krishna Secondary School | ९९५०९० |
| Mega Civil Engineering Solution, Bardiya | DPR of Barshani Baba Temple | ९९५५३० |
| Munal Consultant Pvt. Ltd. Ktm | DPR of Shanta Shree Nurdas Gaushala | ९९७२२५ |
| One Degree Consultant Pvt.Ltd. Ktm | DPR of Sundar Mandir Tourism Dev. Project | ४९८४४३ |
| Ideal Management Pvt. Ltd. Ktm | DPR of Roundabout, Bus Stop Shelter & Narainapur Border Gate | ४९८२१७ |
| | **जम्मा** | **३९८४५०५** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

**प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम :**

४७. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

४८. **हाते पम्प वितरण** : ठे.नं. १४।२०७६।७७ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष वोलपत्रको माध्यमवाट हाते पम्प ४०६ वटा, ५० एमएम ६ के.जी. प्रति वर्ग से.मी. प्रेसरको एच.डि.पी. पाइप १०१५० मी. र ४० एमएम को १.५ मी. लम्वाईको ४०६ वटा जीआई पाइप खरिदका लागि रु ३८,०४,४५२।६६ खर्च गरी पालिकाका वासिन्दाहरुमा वितरण गरेको देखियो । उक्त हाते पम्प जडान भएको नापी किताव तयार गरी पेश भएन । यसले गर्दा वितरण भएको पाइप र हाते पम्म वितरण भएको परिमाण अनुसार नै जडान भएको छ भनी एकिन हुन सकेन ।<br>राष्ट्रिय खानेपानि गुणस्तर मापदण्ड, २०६२ मा खानेपानीको मापदण्ड तोकिएको छ । पालिकावाट राष्ट्रिय खानेपानि गुणस्तर मापदण्ड, २०६२ मा व्यवस्था भएका मापदण्ड अनुसारका खानेपानी गुणस्तरको कुनै पनि तत्वको परीक्षण नगरी हाते पम्प वितरण गर्ने गरेको देखियो । खानेपानीको गुणस्तरको वारेमा एकिन गर्न सकिएन । खानेपानी गुणस्तरको कमीका कारण मानिसको जीवनमा समेत प्रतिकुल असर पर्न सक्ने तर्फ पालिकाले ध्यान दिएको देखिएन । पालिकाले गुणस्तरीय खानेपानी वितरणको वैकल्पिक (पाइप लाइनवाट पानी वितरण) उपायको वारेमा अध्ययन गरी दिगो गुणस्तरीय खानेपानी वितरण प्रणालीको स्थापना गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । मापदण्डमा भएको व्यवस्थाको पूर्ण रुपमा परिपालना गरी खानेपानीको गुणस्तर सुनिश्चितता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले राजश्व सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.९९६६६०/- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>समानीकरण चालुतर्फ</td><td></td></tr>
<tr><td>५०.</td><td>बिल भरपाई नभएको: २३८-२०७७।०१।१५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ मा खर्चको बिल भरपाई सहित लेखा राखुपर्ने तथा उपनियम ८ बमोजिम कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जय किसान मा.वि. लाई सहयोग शिर्षकमा निम्नानुसार भुक्तानी दिईएकोमा खर्चको बिल भरपाई र प्रमाणित अन्य कागजात संलग्न नरहेकोले खर्चको पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>शिक्षकहरुको तलबभत्ता सहयोग</td><td>३७६०००</td></tr>
<tr><td>शैक्षिक भ्रमणका लागि</td><td>१०००००</td></tr>
<tr><td>मसलन्दका लागि</td><td>२५०००</td></tr>
<tr><td>शौचालय सफाई खर्च</td><td>१५०००</td></tr>
<tr><td>जम्मा</td><td>५१६०००</td></tr>
</table></td><td>५१६०००</td></tr>
<tr><td>५०.१.</td><td>जय किशान मा.वि. नरैनापुर, भोजपुर लाई निम्न बमोजिमका शिक्षकहरुको तलब गाउँपालिका बाट करार सेवा सहयोग भनि खर्च लेखेको र शसर्त अन्तर्गत माग फाराममा दोस्रो चौमासिक माग भएको पाईयो । उक्त शिक्षकहरुको तलब भत्ता शसर्त बाट गएको छैन भन्ने निम्न विद्यालयको विद्यालयगत निकासा खाता लेखापरीक्षणको क्रममा प्राप्त नभएकोले दोहोरो खर्च हुने संभावना देखिन्छ । अतः कार्यालयले निम्नानुसार शिक्षकहरुको विद्यालयगत निकासा खाताको आधारमा दोहोरो खर्च नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>नामथर</th><th>समानीकरणबाट खर्च रु.</th><th>शशर्त बाट खर्च रु. (तलब भत्ता)</th></tr>
</table></td><td>२४४०००</td></tr>
</table>

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | नेतराम मौर्य | ११०००*४=४४००० | २८६१०*४= ११४४४० |
| २ | रुब वरुण यादव | १६०००*४= ६४००० | २८६१०*४= ११४४४० |
| ३ | कमलेश कुमार तिवारी | १६०००*४=६४००० | २८६१०*४= ११४४४० |
| ४ | भावना थारु | १८०००*४=७२००० | २८६१०*४= ११४४४० |
| | | २४४००० | ४५७७६० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०.२. | आदर्श मा.वि. लक्ष्मणपुरका स्वयंसेवक शिक्षक श्री पवन कुमार यादवलाई दोस्रो चौमासिक ११०००/- प्रतिमहिनाका दरले विद्यालयको खातामा तलब खर्च पठाएकोमा विद्यालयगत माग फाराम र निकासा खातामा अभिलेख नभएको तथा निज शिक्षकको बैंक खातामा रकम जम्मा भएको प्रमाण नभएकोले निजको प्रमाणित हाजिरी, विद्यालयगत माग फाराम, निकासा अभिलेख खाताका साथै निजको तलबी खातामा तलब जम्मा भएको विवरण पेश गर्नुपर्ने अन्यथा सो विद्यालयबाट असुल गर्नुपर्ने रु. | ८८००० |
| ५१. | **भ्रमण खर्चको औचित्यताः** भ्रमण खर्च नियमावली २०६४ को नियम २० मा गैरसरकारी व्यक्तिलाई भ्रमण गराउने नेपाल सरकारकाबाट निर्णय भएमा नियमानुसार दैनिक भत्ता र भ्रमण खर्च दिईने उल्लेख छ । ४०-२०७६/०६/१६ नरैनापुर गाउँपालिकाका जनप्रतिनिधि र सरोकारवालाहरुका लागि दुई दिने अन्तरक्रिया कार्यक्रम मिति २०७६/०६/१४ र १५ मा समृद्धिका लागि सहकार्य संस्था तुलसीपूर बाट सम्पन्न गरेको पाईयो । कार्यक्रम संचालन गर्ने संस्था समृद्धिका लागि सहकार्य संस्थाको मुख्य कार्यालय तुलसीपुर रहेको साथै उक्त संस्थाका अध्यक्ष श्री सनत आचार्यलाई २०७६/०६/१४ को कार्यक्रमको लागि असोज ११ गतेको (२८ सेप्टेम्बर २०१९) बोर्डिङ पास नभएको प्लेन टिकट रु.९९००/- भुक्तानी दिईएकोले सोही प्रयोजनको लागि भएको मात्र नसकिने साथै असोज १५ (५ अक्टोबर २०१९) को बोर्डिङ पास नभएको प्लेन टिकट रु.३३००/- सहित रु.१३२००/- कार्यक्रमको औचित्य र उपलब्धि विपरितको खर्च असुल गर्नुपर्ने रु. | १३२०० |
| ५१.१. | १७५-२०७६/११/२६ भ्रमण खर्च नियामावली, २०६४ को नियम ८ मा भ्रमणमा खटिएको पदाधिकारी वा कर्मचारीले बिदा लिएमा दैनिक भत्ता तथा भ्रमण खर्च नपाउने उल्लेख छ । स्वास्थ्य शाखा प्रमुख मो. मोईन खाँ को २०७६/१०/०७ देखि २०७६/१०/१२ सम्म भ्रमण आदेश स्वीकृत गरेकोमा प्लेन टिकट अनुसार २०७६/१०/०९ गते काठमाण्डौ गई २०७६/१०/१० गते नेपालगंज फर्केको देखिन्छ । दैनिक तथा भ्रमण खर्चको बिलमा २०७६/१०/१० गते मुकाम राखि दैनिक भत्ता रु.१६००/- र ट्याक्सी रु.५००/- खर्च दावि गरी भुक्तानी लिएकोले बढी रकम असुल गर्नुपर्ने रु. | २१०० |
| ५२. | **नर्म्सभन्दा बढी खर्चः** ४०-२०७६/०६/१६ अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ (सातौं संस्करण) को परिच्छेद-७ दफा ७.१ को उपदफा ७.१.१५ मा सम्मेलन, गोष्ठी र कार्यशालामा विशिष्ट व्यक्तिहरु सम्मिलित कार्यक्रममा प्रतिव्यक्ति रु.२०००/- दरले खाजा र एकदिन भन्दा बढीको कार्यक्रम भए प्रतिवेदनको पारिश्रमिक वापत रु.१५००/- गरी रु.३५००/- पाउने उल्लेख छ । कार्यालयले २०७६ असोज १४ र १५ गते समृद्धिका लागि सहकार्य नामक गैरसरकारी संस्थामार्फत गाउँपालिकाका जनप्रतिनिधि र सरोकारवालाहरुको लागि नेतृत्व विकास र भाषण कला सम्बन्धी संयुक्त कार्यक्रम गरेकोमा मुख्य प्रशिक्षक पारिश्रमिक प्रतिदिन रु.१५०००/-, सहायक प्रशिक्षक १००००/- र सहयोगी २५००/- का दरले पारिश्रमिक भुक्तानी गरेको पाईयो । निर्देशिकाको व्यवस्था विपरीत खर्च लेखेको पारिश्रमिक रु.३०६००/- असुल गर्नुपर्ने रु. | ३०६०० |

| क्र.स. | प्रशिक्षकको नाम | दिन | खर्च रकम | पाउने रकम | बढी रकम | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | सनत आचार्य, मुख्य प्रशिक्षक | २ | ३०००० | ७००० | २३००० | १९५५० |
| २ | बिनोद बम, सहायक प्रशिक्षक | २ | २०००० | ७००० | १३००० | ११०५० |
| जम्मा | | | ५०००० | १४००० | ३६००० | ३०६०० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२.१. | **अभिमुखीकण कार्यक्रमः** ७५-२०७६/०८/११ कार्यालयले १ दिने लागुऔषध तथा दुर्व्यशन र मानव | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वेचविखन सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम समाज सुधार कार्यक्रम नेपाल (सिप नेपाल), बाँके नामक गैरसरकारी संस्थामार्फत संचालन गरेको पाईयो । उक्त १ दिनको कार्यक्रममा प्रतिकक्षा वापत निम्नानुसारको प्रशिक्षकलाई रु.५०००/- का दरले भत्ता पारिश्रमिक भुक्तानी गरेको छ । कार्य संचालन निर्देशिका विपरीत पारिश्रमिक खर्च लेखेको रकम रु.६८९०/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>प्रशिक्षकको नाम</th><th>कक्षा</th><th>खर्च रकम</th><th>पाउने रकम</th><th>बढी रकम</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>१</td><td>शंकर प्रसाद शर्मा</td><td>२</td><td>१००००</td><td>५०००</td><td>५०००</td><td>४२५०</td></tr>
<tr><td>२</td><td>बासुदेव सेडाई</td><td>१</td><td>५०००</td><td>३५००</td><td>१५००</td><td>१३२०</td></tr>
<tr><td>३</td><td>विर बहादुर थापा</td><td>१</td><td>५०००</td><td>३५००</td><td>१५००</td><td>१३२०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६८९०</td></tr>
</table></td><td>६८९०</td></tr>
<tr><td>५२.२.</td><td>उत्सव कार्यक्रमः १३२-२०७६/१०/१० अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ (सातौं संस्करण) को परिच्छेद-७ दफा ७.१ को उपदफा ७.१.१५ मा सम्मेलन, गोष्ठी र कार्यशालामा विशिष्ट व्यक्तिहरु सम्मिलित कार्यक्रममा प्रतिव्यक्ति रु.२०००/- दरले खाजा र एकदिनभन्दा बढीको कार्यक्रम भए प्रतिवेदनको पारिश्रमिक वापत रु.१०००/- का दरले पारिश्रमिक भुक्तानी दिने व्यवस्था रहेको छ । कार्यालयले सामाजिक सद्भाव प्रवर्द्धनका लागि सांस्कृतिक उत्सव कार्यक्रम मिति २०७६/०४/०४ मा बागेश्वरी असल शासन (बास) द्वारा संचालन गरेकोमा निर्देशिका विपरीत खर्च लेखेको रुकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>प्रशिक्षकको नाम</th><th>खर्च रकम</th><th>पाउने रकम</th><th>बढी रकम</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>१</td><td>हेमराज भट्ट, प्रतिवेदक</td><td>५०००</td><td>३०००</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>२</td><td>मकबुल अहमद मुकेरी, संयोजक</td><td>१००००</td><td>३०००</td><td>७०००</td><td>५९५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>७६५०</td></tr>
</table></td><td>७६५०</td></tr>
<tr><td>५३.</td><td>कार्यक्रम सम्झौता र तलब भुक्तानीः ३६१-२०७७/०३/२७ सार्वजनिक खरिद नियमावलीको नियम ९९ वमोजिम सम्झौता गरी कार्यसंचालन निर्देशिका, २०७५ को नर्म्सअनुसार कार्यक्रम संचालन गरिनु पर्दछ । जसअनुसार कम्तिमा मासिक रुपमा संचालन गरिने कार्यक्रमको लागि मात्र मासिक पारिश्रमिक खर्च भुक्तानी गर्न मिल्ने उल्लेख छ । कार्यालयले आधारभूत मानव अधिकार सम्बन्धी २ दिने तालिम कार्यक्रम (२०७६/१०/२८-२९) संचालन गर्न टच नेपाल, बाँके सँग रु.६०२८००/- मा कार्यक्रम सम्झौता भएको छ । सम्झौताअनुसार गाउँपालिकाले रु.४९८०००/- र कार्यक्रम संचालन गर्ने संस्थाले रु.१०४८००/- बेहोर्ने उल्लेख छ। माघमा सम्पन्न २ दिनको कार्यक्रमको भुक्तानी लिँदा संस्थाका कर्मचारीहरुको आषाढ महिनाको तलबी भरपाई अनुसार लागत सहभागिता जनाई खर्च लेखेको पाईयो । संस्थाले बेहोर्नुपर्ने कर्मचारीहरुको तलब खर्चलाई साझेदारीमा संचालित २ दिने तालिम कार्यक्रममा राखेर सहभागिता जनाई खर्च भुक्तानी लिने कार्य सम्झौता विपरीत, गैर कानुनी र अस्वभाविक हुनुको साथै माघमा आषाढ महिनाको खर्चको विल भरपाई राखि खर्च गरेको रकमलाई यथार्थ मान्न सकिदैन । तसर्थ कार्यालयले संस्थागत लागत सहभागितामा तलब भत्ता खर्च भनी भुक्तानी गरेको २०७७/०३/११ को संस्थाको तलबी भरपाई खर्च राखी खुद बुझेको रकम रु.१३४६४०/- सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु.</td><td>१३४६४०</td></tr>
<tr><td>५४.</td><td>कार्यक्रम सम्झौता र तलब भुक्तानीः ३६१-२०७७/०३/२७ सार्वजनिक खरिद नियमावलीको नियम ९९ वमोजिम सम्झौता गरी कार्यसंचालन निर्देशिका, २०७५ को नर्म्सअनुसार कार्यक्रम संचालन गरिनु पर्दछ । जसअनुसार कम्तिमा मासिक रुपमा संचालन गरिने कार्यक्रमको लागि मात्र मासिक पारिश्रमिक खर्च भुक्तानी गर्न मिल्ने उल्लेख छ । कार्यालयले अपांग सरोकार तथा अपांग भएका व्यक्तिहरुका लागि राज्यद्वारा प्रदान सेवा सुविधामा पहुँच नामक २ दिने कार्यक्रम (२०७६/१०/२८-२९) संचालन गर्न समर्पण नेपाल, बाँके सँग रु.६०३३००/- मा कार्यक्रम सम्झौता भएको छ । सम्झौताअनुसार</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गाउँपालिकाले रु.४९८०००/- र कार्यक्रम संचालन गर्ने संस्थाले रु.१०५३००/- बेहोर्ने उल्लेख छ। माघमा सम्पन्न २ दिनको कार्यक्रमको भुक्तानी लिँदा संस्थाका कर्मचारीहरुको जेष्ठ महिनाको तलबी भरपाई अनुसार लागत सहभागिता जनाई खर्च लेखेको पाईयो । संस्थाले बेहोर्नुपर्ने कर्मचारीहरुको तलब खर्चलाई साझेदारीमा संचालित २ दिने तालिम कार्यक्रममा राखेर सहभागिता जनाई खर्च भुक्तानी लिने कार्य सम्झौता विपरीत, गैर कानुनी र अस्वभाविक हुनुको साथै माघमा जेष्ठ महिनाको खर्चको विल भरपाई राखि खर्च गरेको रकमलाई यथार्थ मान्न सकिदैन । तसर्थ कार्यालयले संस्थागत लागत सहभागितामा तलब भत्ता खर्च भनी भुक्तानी दिएको २०७७/०२/२१ को संस्थाको तलबी भरपाई खर्च राखी खुद बुझेको रकम रु. १३४६४०/- सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु. | १३४६४० |
| ५४.१. | अपांग सरोकार तथा अपांग भएका व्यक्तिहरुका लागि राज्यद्वारा प्रदान सेवा सुविधामा पहुँच नामक २ दिने कार्यक्रम (२०७६/१०/२८-२९) मा प्रतिसहभागी १०००/- का दरले सहभागिता भत्ता बुझेको पाईयो । तालिमको प्रगति प्रतिवेदनमा सहभागी संङ्ख्या ४५ जना जनाईएकोमा ५५ जनाको भरपाई जनाई सहभागिता भत्ता खर्च लेखेको छ । वास्तविक सहभागिता भन्दा १० जना बढी सहभागिता जनाई खर्च लेखेको रु.१००००/- असुल गर्नुपर्ने रु. | १०००० |
| ५५. | **वितरण भरपाई नरहेकोः** २१-२०७६/०६/११ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा उपनियम ८ बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य संस्थाहरुमा औषधी वितरणको लागि कोटेशन माग गरी युनाईटेड ड्रग्स सेन्टर प्रा.लि. लाई औषधी खरिद वापत भ्याटसहित रु.४९६६८७/- भुक्तानी खर्च लेखेकोमा कुन कुन स्वास्थ्य संस्थाहरुलाई कहाँ कति वितरण गरियो भन्ने विवरण संलग्न राखेको छैन । अतः कार्यालयले उक्त मुल्यको स्वास्थ्य संस्थाहरुमा औषधी वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु. | ४९६६८७ |
| ५६. | **आय ठेक्काः** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १७ मा ऐन बमोजिम पट्टा कबुलियत भईसकेपछि नेपाल सरकार र ठेकेदार दुबैको मन्जुरी बिना ठेक्काको अवधि भुक्तान नहुँदै बिचमा कुनै ठेक्का छोड्न वा तोड्न नहुने उल्लेख छ । कार्यालयले **ठेक्का नं. १/०७६/७७**, मटेहिया घाट उत्रादी ठेक्का भ्याटबाहेक बार्षिक रु.१०५०५५१/- मा कबोल गरी सलामत अलि मुकेरीलाई ठेक्का दिएको देखिन्छ । उक्त रकम तीन किस्तामा कार्यालयलाई बुझाउने सम्झौता अनुसार ठेकेदारले प्रथम किस्ता बापत रु.१९००००/- बैंक दाखिला समेत गरी बाँकी किस्ता रकम र सोवापतको मु.अ.कर समेत जम्मा गरेको देखिदैंन । अतः कार्यालयले ठेक्का सम्झौता अनुसारको निम्नानुसार किस्ता रकम रु.८६०५५०.२५ र कबोल अंक वापत प्राप्त हुने मु.अ.कर रु.१३६५७१.६२ गरी जम्मा रु.९९७१२१.८७ असुल गर्नुपर्ने रु. | ९९७१२२ |

| किस्ता विवरण | ठेक बुझाउने म्याद | बुझाउनु पर्ने | | बुझाएको रकम | | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | ठेक रु. | मु.अ.कर | ठेक रु. | मु.अ.कर | ठेक रु. | मु.अ.कर |
| प्रथम किस्ता | षौष मसान्तभित्र | ५२५२७५.५ | ६८२८५.८२ | १९०००० | ०.०० | ३३५२७५.५ | ६८२८५.८२ |
| दोस्रो किस्ता | फागुन मसान्तभित्र | २६२६३७ | ३४१४२.९ | ०.०० | ०.०० | २६२६३७ | ३४१४२.९ |
| तेस्रो किस्ता | जेष्ठ मसान्तभित्र | २६२६३७.७५ | ३४१४२.९ | ०.०० | ०.०० | २६२६३७.७५ | ३४१४२.९ |
| जम्मा | | १०५०५५०.२५ | १३६५७१.६२ | १९०००० | ०.०० | ८६०५५०.२५ | १३६५७१.६२ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५७. | **आन्तरिक आयः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट मालपोत, सिफारिस, पञ्जिकरण, नगदी लगायतका शीर्षकमा आन्तरिक आम्दानी गरेकोमा म.ले.प. फारमहरुको अवलम्बन नगरी | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आम्दानी जनाएकोले वास्तविक आम्दानी एकिन गर्न सकिने देखिदैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले असुल भएको रकम हिनामिना समेत हुने संभावना देखिएकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारामहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ ।<br><br>– नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१<br>– दैनिक राजश्व / आम्दानी खाता म.ले.प फाराम नं. १०२<br>– राजश्व / आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४<br>– राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५<br>– राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६<br>– राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७<br>– राजश्व आम्दानीको बैंक नगदी किताब म.ले.प. फा.नं. १०८</td><td></td></tr>
<tr><td>५७.१.</td><td>आय सफ्टवेयरः कार्यालयले यस आ.व. मा गाउँपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा “सम्पत्ति तथा भूमीकरको केन्द्रिय प्रणाली तथा आय लेखा” सफ्टवेयर जडान गरेको पाईयो । यस्तो सफ्टवेयर गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा एउटै कम्पनीको जडान गर्नुपर्नेमा गाउँपालिका कार्यालयमा Shangrila Informatics Pvt. Ltd. लाई भ्याटसहित रु.४९८३३०/- र वडा कार्यालयहरुमा Eco-Plus भ्याटसहित रु.४९८३३०/- जडान वापत भुक्तानी दिएको छ । एउटै कार्यालयमा अलग अलग कम्पनीसँग राजश्व सफ्टवेयर खरिद गरी संचालन गर्दा एकिकृत रुपमा कारोबार गर्न समस्या सिर्जना हुने र एकिकृत राजश्व विवरण तयार गर्न कठिनाई हुनाको साथै एउटै प्याकेजमा खरिद गरी जडान गरेको भए मितव्ययी रुपमा कार्य सम्पन्न गर्न सकिनेमा कार्यालयले दुईटा कम्पनीसँग खरिद गरेको देखियो । कार्यालयमा जडान गरेको सफ्टवेयरमा राजश्व भौचर Generate गरिसकेपछि सोही व्यक्तिले नै Edit गर्नमिल्ने व्यवस्था रहेको पाईयो । यसरी गाउँपालिका र वडा कार्यालयमा अलग अलग सफ्टवेयर संचालन गरी राजश्व भौचर सच्याउन मिल्ने व्यवस्थाले गर्दा वास्तविक राजश्व एकिन गर्न सक्ने देखिएन । तसर्थ कार्यालयले दुईवटा सफ्टवेयरलाई एकिकृत गरी सिर्जना भएको राजश्व भौचरलाई संकलन गर्ने व्यक्तिले Edit गर्न नसक्ने गरी विकसित गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>कर कट्टी नगरेकोः आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवामा १५ प्रतिशत र ८९ अनुसार कर विजक जारि गरेको भएमा १.५ प्रतिशत दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार गो.भौ. र मितिबाट सूचना, सन्देश प्रशारण र विज्ञापन वापत निम्नानुसार समाचार दैनिक हरुलाई विजक जारी नगरी रु.६३४०००/- भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतका दरले मात्र कट्टा गरेको पाईयो । सेवा परामर्श वापत कट्टी हुनुपर्ने रु.८५५९०/- दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>भुक्तानी रकम</th><th>१५% रकम</th><th>१.५% रकम</th><th>घटी रकम</th></tr>
<tr><td>८७-०७६/८/२५</td><td>ग्लोबल समाचार दैनिक, नेपालगंज</td><td>५००००</td><td>७५००</td><td>७५०</td><td>६७५०</td></tr>
<tr><td>१४०-०७६/१०/१३</td><td>हाईवे पोष्ट दैनिक</td><td>२३४०००</td><td>३५१००</td><td>३५१०</td><td>३१५९०</td></tr>
<tr><td>२५९-०७७/०३/२७</td><td>ग्लोबल समाचार दैनिक, नेपालगंज (बिल नं.१०७)</td><td>३५००००</td><td>५२५००</td><td>५२५०</td><td>४७२५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६३४०००</td><td>९५१००</td><td>९५१०</td><td>८५५९०</td></tr>
</table></td><td>८५५९०</td></tr>
<tr><td>५९.</td><td>बिलको भुक्तानीः १३८-२०७६/१०/११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले वि.पि. प्रा.वि, सनवर्षालाई स्कुलको वाउन्ड्रीवाल निर्माण तथा पूरानो भवन मर्मत गर्ने कार्यको लागि रु.१२५००००/- भुक्तानी दिईएको पाईयो । आयोजनासँग सम्बन्धित नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र खर्चको बिल भरपाई संलग्न नरहेकोले</td><td>१२५००००</td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आयोजनासँग सम्बन्धित उपयुक्त प्रमाण पेश गर्नुपर्ने रु. | |
| ६०. | **कोभिड विशेष कृषि कार्यक्रमः** १(२०७७।०३।२९ कार्यालयले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मिति २०७७।२।१५ मा अख्तियारी प्राप्त गरेको र २०७७।०२।३० मा कृषकहरुका लागि आवेदन पेश गर्ने सूचना प्रकाशन गरी ९५ जनालाई २० हजारका दरले रु.१९०००००/- वितरण गरेको छ । आर्थिक वर्ष सकिनुभन्दा ४५ दिन अगाडी मात्र कार्यक्रमको अख्तियारी प्राप्त भएको र ३० दिन अगाडी अनुदानग्राही छनोटको १५ दिने सूचना प्रकाशन गरी रकम वितरण गरेकोमा यस्तो खर्चको प्रभावकारीता कम हुन जाने देखिन्छ । कार्यक्रमको सूचनामा मौरिपालनको हकमा कम्तिमा ३ घार, च्याउ खेतिको लागि कम्तिमा ५० गोला र तरकारी खेतिको हकमा कम्तिमा ३-५ मठ्ठामा खेति गर्नुपर्ने र कुखुरापालनको हकमा कम्तिमा ५० चल्ला, बंगुर तथा बाख्रा पालनको हकमा कम्तिमा ५ वटा पाठापाठी भएको हुनुपर्ने शर्त राखेको देखिन्छ । कार्यालयले अनुदान वितरण गर्दा उल्लेखित शर्तहरु पूरा गरे नगरेको अध्ययन गरेको देखिने कुनै विवरण, प्रतिवेदन तथा फोटो संलग्न गरेको छैन । कार्यालयले व्यवसाय उन्मुख ८७ जना र वैदेशिक रोजगार बाट फर्केका ८ जनालाई अनुदान वितरण गरेको भएपनि अनुदानको सदुपयोग कार्यक्रमले तोकेको क्षेत्रमा भए नभएको र दिगो रुपमा संचालन हुने आधार रहे नरहेको देखिने कुनै प्रतिवेदन तयार गरेको देखिएन । प्रयाप्त अध्ययन अनुसन्धान र सहभागितामार्फत अनुगमन मुल्याङ्कन गरी यस्ता कार्यक्रमहरु संचालन गर्न समयमै अख्तियारी प्राप्त गरी संचालन गरिनु पर्दछ । | |
| | **कोरोना तर्फः** | |
| ६१. | **भरपाई प्रतिशतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा उपनियम ८ बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोरोना रोकथाम तथा नियन्त्रण वापत विभिन्न पसल तथा व्यक्तिहरुलाई क्वारेन्टाईन तथा आईसोलेसन व्यवस्थापन वापत निम्नानुसार सामाग्रिको खर्च विभिन्न क्वारेन्टाईन र आईसोलेसन सेन्टरलाई भुक्तानी गरेको सम्बन्धमा निम्न व्यहोरा देखियो । | |

| गो.भौ.नं र मिति | क्वारेन्टाईनको नाम | खर्च भुक्तानी दिएको व्यक्ति | वापत | पेश्की फछ्र्यौट गर्ने व्यक्ति र रकम | भरपाई रकम |
|---|---|---|---|---|---|
| ६९-२०७७/०३/२१ | शान्ति विद्या निकेतन | बसन्त लाल कश्यप | आलु, प्याज, खुर्सानी लगायत अन्य तरकारी | सज्जाक खाँ रु.७६००२६/- | १०६१९५ |
| | | तीरथ राम तमोली | जेनेरेटर, राड बत्ती र खाना पकाउने भाडा वर्तन | | १२०००० |
| | ने.रा.प्रा.वि. जमुनाह | तीरथ राम तमोली | | | ९०००० |
| | ने.रा.प्रा.वि. परसरामपुर्वा | लाडिला प्रसाद शर्मा | | | १२०००० |
| | ने.रा.प्रा.वि. खोदावाँ | मुरलीधर गुप्ता | | | ११४००० |
| **जम्मा** | | | | ७६००२६ (१००%) | ५५०१९५ (७२.३९%) |
| ५२-२०७७/०३/०४ | ने.रा.प्रा.वि. परसरामपुर्वा | लाडिला प्रसाद शर्मा | जेनेरेटर, राड बत्ती र खाना पकाउने भाडा वर्तन | लक्ष्मीकान्त मिश्रा रु.२७३८८८५/- | ५६००० |
| | आदर्श मा.वि. | उदय राज शर्मा | | | १४०००० |
| | ने.रा.प्रा.वि. शंकरनगर | उदय राज शर्मा | | | ७२००० |
| | ने.रा.प्रा.वि. खोदावाँ | मुरलीधर बानियाँ | | | ३८००० |
| | नमुना प्रा.वि. मोतिपुर | ओमकार मौर्य | | | ८०००० |
| | शान्ति विद्या निकेतन | तीरथ राम तमोली | | | ४५००० |
| | राष्ट्रिय प्रा.वि. गेगली | मुरलीधर बानियाँ | | | ८५०० |
| | विभिन्न १२ वटा क्वारेन्टाईन | ओम प्रकाश बानिया | आलु, प्याज, खुर्सानी लगायत अन्य तरकारी | | ८२४५० |
| | | सुरज कु. श्रीवास्तव | | | ९२९५० |
| | | रामेदीन कलवार | | | १५६८८ |
| | | दरोगा बेहना | | | ७०१०० |
| | | हसीब खाँ | | | ५१७०० |
| | | राम सिलन यादव | | | ४४००० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | दिपेन्द्र प्रा.वि. भगवानपुर | धनीराम भुजुवा | टेन्ट, जेनेरेटर र अन्य सामाग्री | | १९१८६० |
| | | धनीराम भुजुवा | | | ३०९५० |
| | जय किसान मा.वि. भोजपुर | धनीराम भुजुवा | | | १२७६२० |
| | विभिन्न क्वारेन्टाईन | हमीद मुकेरी | तरकारी | | ८८४० |
| | | आरिफ मो. खान | | | ७३२० |
| | | राम नरेश मौर्य | | | ७६५० |
| **जम्मा** | | | | २७३८८८५ (१००%) | ११७०६२८ (४२.७४%) |

कार्यालयले विभिन्न क्वारेन्टाईनमा एउटै व्यक्तिलाई पटक पटक विभिन्न सामाग्री खरिद वापत भुक्तानी दिएको पाईयो । यसरी एउटै व्यक्तिलाई एउटै सामाग्रीको पटक पटक भुक्तानी दिनुभन्दा पहिला सम्झौता गरी सामान लिनु/दिनु पर्नेमा गरेको पाईएन । कुल खर्चमध्ये अधिकांश खर्चको भुक्तानी कागजी भरपाईको आधारमा गरेको छ । सज्जाक खाँको रु.७६००२६/- को पेश्की फछर्यौट गर्दा भरपाईबाट रु.५५०१९५/- अर्थात ७२.३९ प्रतिशत र लक्ष्मीकान्त मिश्राको रु.२७३८८८५/- को पेश्की फछर्यौट गर्दा भरपाईबाट रु.११७०६२८/- अर्थात ४२.७४ प्रतिशत खर्च भुक्तानी गरेको छ । कार्यालयले आर्थिक कारोबार गर्दा सरकारी कारोबार गर्ने ईजाजत प्राप्त फर्मसँग खरिद गरी भुक्तानि गर्नुपर्दछ ।

६२. **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

**विपद् व्यवस्थापन**

६३. **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पालन गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६४.</td><td>वार्षिक प्रतिवेदन - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५.</td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>६५.१.</td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :</td><td></td></tr>
<tr><td>६६.</td><td>सम्झौता विना कारोबारः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार गोश्वारा भौचर र मितिमा निम्नानुसार गाडीहरु प्रयोग गरी खर्च लेखेको छ । उपरोक्त गाडीहरु कहिले के सम्झौता गरी प्रयोग गरिएको हो सो देखिने सम्झौता र गाडी भाडा खर्च लेख्नुको प्रयोजन खुलेको पाईएन । कार्यालयले निम्नानुसार गाडीको सम्झौता र प्रयोजन देखिने प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ. नं र मिति</td><td>गाडी नम्बर</td><td>प्रयोजन/सम्झौता</td><td>भुक्तानी लिनेको नाम</td><td>रकम</td></tr>
<tr><td>१९-२०७६/०६/११</td><td>बा १६ च ३१६५</td><td>नखुलेको/नरहेको</td><td>रामलाल थारु</td><td>२०१६००</td></tr>
<tr><td>६-</td><td>बा १९ च ५८१७</td><td>नखुलेको/नरहेको</td><td>दशिराम चौधरी</td><td>७२०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२७३६००</td></tr>
</table></td><td>२७३६००</td></tr>
<tr><td>६७.</td><td>प्यान विलबाट भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रु. २० हजारभन्दा माथिको मालसामान खरिद गर्दा भ्याट रकम कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सो विपरीत भ्याट विल जारी नगरी निम्नानुसार रु.२२४९५७/- भुक्तानी गरेको पाईयो । नियमावली बमोजिम अनिवार्य भ्याट विल जारी गरी भुक्तानी गर्नु पर्दछ ।
<table>
<tr><td>गो.भौ.नं</td><td>भुक्तानी लिनेको नाम</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>६९</td><td>निशान कम्युनिकेशन कम्प्युटर सेन्टर</td><td>१२५९५७</td><td>एउटै मितिमा भ्याट छल्ने नियतले फरक प्यान विल पेश भएको ।</td></tr>
<tr><td>९७</td><td>रासी सल्यानी होटल</td><td>३००००</td><td>विल नं. ४५०</td></tr>
<tr><td>९७</td><td>गौरव चिया नास्ता पसल</td><td>४४०००</td><td>विल नं. ३४५/३५१</td></tr>
<tr><td>३५९</td><td>गुप्ता टेन्ट एण्ड लाईट साउण्ड सर्भिस</td><td>२५०००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>२२४९५७</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६८.</td><td>प्रशिक्षक भत्ताः- अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को बुदा नं. ७.१.१५ मा तालिम केन्द्रहरु बाहेकका अन्य निकायबाट तालिम कार्यक्रमका लागि प्रति कक्षा कार्यपत्र बापत रु.१४००/- र प्रतिवेदकको प्रति कार्यक्रम रु.१५००/- का दरले पारिश्रमिक हुने व्यवस्था रहेको छ । कार्यालयले भौ.नं. ३६१ मा सामाजिक सशक्तिकरण, जातीय छुवाछुत तथा सामाजिक विभेद अन्त्य सम्बन्धी तालिम संचालन गरी प्रति व्यक्ति रु.२०००/- का दरले प्रशिक्षक भत्ता भुक्तानी दिएकोले निर्देशिका विपरीत बढी भुक्तानी भएको रकम रु.३०६८५ असुल गर्नुपर्ने</td><td>३०६८५</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>नाम</th><th>सेसन</th><th>दर</th><th>भुक्तानी हुनुपर्ने रु.</th><th>भुक्तानी भएको रु.</th><th>बढी भुक्तानी (कर बाहेक)</th></tr>
<tr><td>कृष्ण बहादुर वि.के</td><td>१८</td><td>१४००</td><td>२५२००</td><td>३६०००</td><td>९१८०</td></tr>
<tr><td>तोजिन्द्र बहादुर वि.के</td><td>१८</td><td>१४००</td><td>२५२००</td><td>३६०००</td><td>९१८०</td></tr>
<tr><td>दयाराम सुनार (प्रतिवेदक)</td><td>५ कार्यक्रम</td><td>१५००</td><td>७५००</td><td>२२०००</td><td>१२३२५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६१५००</td><td>९४०००</td><td>३०६८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९.</td><td>बैठक भत्ताः अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ को बुँदा ७.१.२ अनुसार अन्य तोकिए देखि बाहेकका अन्य व्यक्तिले अध्यक्षता गर्ने बैठकका पदाधिकारीहरुलाई प्रति बैठक रु.१५०० का दरले भत्ता प्रदान गरिने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न मितिमा गो.भौ.नं. १३६ बाट कार्यालय प्रमुखको अध्यक्षतामा बैठक बसि रु.१६००/- का दरले बैठक भत्ता खर्च लेखेको पाईयो । नर्म्सभन्दा बढी हुने गरी बैठक भत्ता खर्च लेखेको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>बैठक सङ्खा</th><th>बुझेको रकम</th><th>पाउने रकम</th><th>बढी भुक्तानी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>सुवाश खड्का</td><td>३३</td><td>५२८००</td><td>४९५००</td><td>३३००</td><td>२८०५</td></tr>
<tr><td>हिक्मत भण्डारी</td><td>३६</td><td>५७६००</td><td>५४०००</td><td>३६००</td><td>३०६०</td></tr>
<tr><td>सगिर अहमद दर्जी</td><td>३१</td><td>४९६००</td><td>४६५००</td><td>३१००</td><td>२६३५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१६००००</td><td>१५००००</td><td>१००००</td><td>८५००</td></tr>
</table>
</td><td>८५००</td></tr>
<tr><td></td><td>पूँजीगत तर्फः</td><td></td></tr>
<tr><td>७०.</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कुनैपनि योजनाको वा सामान खरिदको भुक्तानी दिँदा बिल बमोजिमको रकम भुक्तानी दिनुपर्दछ । तर पालिकाले निम्न उपभोक्ता समिति र संस्थालाई विलभन्दा बढी हुने गरी भुक्तानी दिएकोले बढी भुक्तानी असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>भुक्तानी लिनेको नाम</th><th>भुक्तानी रकम</th><th>बिल भरपाई</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>७०</td><td>फातमा फाउन्डेसनका लागि पर्खाल नि.उ.स.</td><td>३०५२६१</td><td>२८१४०८</td><td>२३८५३</td></tr>
<tr><td>१५५</td><td>सत्तार शाह फाउन्डेसन</td><td>१६९८९६</td><td>१६३०९०</td><td>६८०६</td></tr>
<tr><td>२६०</td><td>विभिन्न ठाउँमा माटो पटान तथा ग्राबेल निर्माण उपभोक्ता समिति</td><td>३८६४२७</td><td>२८४२००</td><td>१०२२२६</td></tr>
<tr><td>२६२</td><td>बाटो निर्माण समिति भोज भगवानपुर</td><td>३४१२१५</td><td>३००८००</td><td>४०४१५</td></tr>
<tr><td>२६४</td><td>हरियाली बाटो निर्माण उपभोक्ता समिति</td><td>१९०७५२</td><td>१६८३१६</td><td>२२४३६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१९५७३६</td></tr>
</table>
</td><td>१९५७३६</td></tr>
<tr><td></td><td>प्रदेश सरकार चालु</td><td></td></tr>
<tr><td>७१.</td><td>नर्म्स भन्दा बढी भुक्तानीः अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को बुदा नं. ७.१.१५ मा तालिम केन्द्रहरु बाहेकका अन्य निकायबाट संचालित सीप विकास तथा अन्य तालिम कार्यक्रमका लागि प्रति कक्षा कार्यपत्र बापत रु.१४००/- र प्रतिवेदकको प्रति कार्यक्रम रु.१५००/- का दरले पारिश्रमिक हुने व्यवस्था रहेको छ । कार्यालयले भौ.नं. २२ मा हातेमालो संचार समूहसँग सम्झौता गरी २०७७/३/९-२०७७/३/१५ सम्म ७ दिने युवाको नेतृत्व विकास तथा प्रस्ताव लेखन सम्बन्धि तालिम संचालन गर्दा निम्नानुसार प्रशिक्षक भत्ता भुक्तानी दिएकोले निर्देशिका विपरीत बढी भुक्तानी भएको रकम रु.१८१२४५ असुल गर्नुपर्ने ......................
<table>
<tr><th>नाम</th><th>सेसन</th><th>दर</th><th>पाउने रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>डिल्ली बहादुर वि.सी (प्रशिक्षक)</td><td>२८</td><td>१४००</td><td>३९२००</td><td>९८०००</td><td>४९९८०</td></tr>
<tr><td>गुरमुरत यादव (प्रशिक्षक)</td><td>२८</td><td>१४००</td><td>३९२००</td><td>९८०००</td><td>४९९८०</td></tr>
<tr><td>झंकर नेपाली (प्रशिक्षक)</td><td>७ दिन</td><td>१४००</td><td>९८००</td><td>३२९००</td><td>१९६३५</td></tr>
</table>
</td><td>१८१२४५</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| सुष्मा श्रेष्ठ (व्यवस्थापक) | ७ दिन | १५०० | १०५०० | ३५००० | २०८२५ |
| किशोर विष्ट (प्रतिवेदक) | ७ दिन | १५०० | १०५०० | ३५००० | २०८२५ |
| अडिट फि | | | | | २०००० |
| | | | | जम्मा | १८१२४५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **सामाजिक सुरक्षा तर्फः** | |
| ७२. | **पारदर्शिता कायम नगरेकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाईटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालन गरेको पाईएन । कार्यविधिमा उल्लेखित व्यवस्थाको परिपालना गरिनु पर्दछ । | |
| ७२.१. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ (६) मा अघिल्लो किस्ताको पेश्की फछ्यौंट नभई अर्को किस्ता वा निकासा दिइने छैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले सनराईज बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा पहिलो किस्ताको पेश्की फछ्यौंट नगरी अर्को किस्ताको पेश्की दिएकोले वास्तविक खर्च एकिन हुन नसक्ने र बैंकलाई सामाजिक सुरक्षा भत्ता जुन प्रयोजनको लागि उपलब्ध गराईएको हो सोमा प्रयोग भए/नभएको एकिन गर्न सकिएन । | |
| ७२.२. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६ (क) मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेष्ठको दोस्रो हप्ताभित्र वितरण गरिसक्नुपर्नेमा सो अवधिमा सामाजिक सुरक्षा भत्ता निकाशा माग र वितरण नगरेको पाईयो । पालिकाले कार्यविधिमा तोकिए बमोजिमको समयमा निकासा माग र वितरण कार्य सम्पन्न गर्नुपर्नेमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७२.३. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २५ (क) मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिमको ढाँचामा चौमासिक रुपमा सम्बन्धित स्थानिय तहलाई विद्युतिय माध्यममा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिनेछ भनि उल्लेख भएकोमा कार्यपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्झौता गरेको बैंकहरुले अनुसूची १३ बमोजिमको ढाँचामा प्रतिवेदन नगरेको र विद्युतिय माध्यमबाट समेत नियमित रुपमा प्रतिवेदन नगरेको पाईयो । सो व्यहोरा बैंकसँगको सम्झौतामा पनि उल्लेख भएकोमा सम्झौता बमोजिम बैंकबाट विवरण प्राप्त गरी हिसाब भिडान गर्नु पर्दछ । | |
| ७२.४. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष बचतखाता सम्बन्धी व्यवस्थाको शि.न. ७ मा सामाजिक सुरक्षा विशेषखाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निश्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ मसान्तभित्र केन्द्रिय पञ्चीकरण विभागलाई दिनुपर्ने उल्लेख भएकोमा बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित निकायलाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमको विवरण बैंकसँग माग गरी हिसाब मिलान गर्नु पर्दछ । | |
| ७३. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम दिएका पेश्कीहरु नियमअनुसार फछ्यौंट गर्नु पर्दछ । निम्नबमोजिमका पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्यौंट नगरेकोले नियमानुसार फछ्यौंट गर्नुपर्ने रु. | ९२७२६७५ |

| पेश्की लिनेको पद, नामथर | पेश्की मिति | पेश्की प्रयोजन | रकम |
|---|---|---|---|

| दफा | भौ.नं, मिति र व्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | मसुद अहमद शाह, वडा अध्यक्ष | २०७६/१०/८ | विविध कार्यक्रम | ५००००० | |
| | मसुद अहमद शाह, वडा अध्यक्ष | २०७६/०७/२० | विविध खर्च अतिथि सत्कार समेत | ३५०००० | |
| | दिनेश प्रसाद शर्मा, वडा अध्यक्ष | २०७७/०३/२६ | पारिश्रमिक पदाधिकारी | ५०४०० | |
| | ईस्तियाक अहमद शाह, अध्यक्ष | २०७६/०६/०९ | पारिश्रमिक पदाधिकारी | १४८५०० | |
| | कृष्ण चन्द्र मौर्य, वडा अध्यक्ष | २०७६/०६/०९ | पारिश्रमिक पदाधिकारी | ९९००० | |
| | मसुद अहमद शाह, वडा अध्यक्ष | २०७६/०६/११ | सांस्कृतिक मेला, महोत्सव प्रवर्द्वन | ३५०००० | |
| | कृष्णा कुमारी चन्द, म.वि.नि. | २०७६/०८/१५ | लैंगिक हिंसा विरुद्व कार्यक्रम | ७७५०० | |
| | कृष्णा कुमारी चन्द, म.वि.नि. | २०७६/०८/१५ | सांस्कृतिक मेला, महोत्सव प्रवर्द्वन | २४४१०० | |
| | जीवन लाल यादव, मुखिया | २०७६/११/२६ | ईन्धन पदाधिकारी | २०००० | |
| | लक्ष्मीकान्त मिश्रा, खरिदार | २०७७/०२/०८ | आर्थिक सहायता | ५५८१०० | |
| | खड्क बहादुर बस्नेत, ना.सु. | २०७६/०७/०८ | ईन्धन कार्यालय प्रयोजन | ४०००० | |
| | खड्क बहादुर बस्नेत, ना.सु. | २०७६/०७/०८ | कर्मचारीको वैठक भत्ता | १००८०० | |
| | खड्क बहादुर बस्नेत, ना.सु. | २०७६/०७/०८ | मसलन्द तथा कार्यालय सामाग्री | ८०००० | |
| | खड्क बहादुर बस्नेत, ना.सु. | २०७६/०७/०८ | विविध खर्च | ८०००० | |
| | सन्त श्री नुरदास गौसाला व्यवस्थापन | २०७६/०६/१५ | विविध खर्च | २००००० | |
| | दलित सेवा संघ | २०७६/१०/११ | दलित शसक्तिकरण तथा छुवाछुत मुक्त घोषणा कार्यक्रम | २४९८७५ | |
| | मुक्तियारण खाँ | २०७६/०९/१२ | घर भाडा | ६०००० | |
| | भरत महतो | २०७७/२/२९ | ईन्धन पदाधिकारी | २०००० | |
| | भरत महतो | २०७७/२/२९ | कर्मचारीको वैठक भत्ता | ५०४०० | |
| | भरत महतो | २०७७/२/२९ | विविध खर्च | ४०००० | |
| | वन भवन निर्माण उपभोक्ता समिति | २०७६/१०/०१ | फुटकर योजना | १२२४००० | |
| | रंगशाला निर्माण उपभोक्ता समिति | २०७६/०८/२४ | रंगशाला निर्माण | २४००००० | |
| | बाबाको मजार निर्माण उपभोक्ता समिति | २०७६/०८/२४ | बाबाको मजार सुधार निर्माण | १९००००० | |
| | विजय कुमार यादव | २०७६/१२/०६ | अध्यक्षको सिफारिसमा कार्यान्वयन हुने योजना र कार्यक्रमहरु | ४३०००० | |
| | | | **जम्मा** | **९२७२६७५** | |

**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ११११५३६००० | ०.०० | ११११५३६००० |

अनुसूची-१

# नरैनापुर गाउँपालिकाको संचितकोष विवरण
# २०७६/७७

(रु. हजारमा)

| जिल्ला | स्थानीय तह | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| बाँके | नरैनापुर गाउँपालिका | ७१४५७१ | ३६१५० | ५.०५९ | ९३६० | २६८२०५ | ७१५७९ | ७९५६ | ११५७७ | ३६८६७७ | २१९६३४ | १२७८३९ | ७७८१ | ३५५२५४ | १३४२३ |

अनुसुची-२

# नरैनापुर गाउँपालिकाको बेरुजु बर्गिकरण( विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु. हजारमा)

| जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाँके | नरैनापुर गाउँपालिका | ४८ | ३५ | ३६१५० | ० | ० | ० | ४८ | ३५ | ३६१५० | १९३९ | १४५१९ | १०४१९ | ० | ० | २४९३८ | १८०१ | ७४७२ | ९२७३ |

अनुसुची-३

# नरैनापुर गाउँपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

| जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | यस वर्ष सम्मको बाँकी वेरुजु | यस वर्ष सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाँके | नरैनापुर गाउँपालिका | १११५३६ | ० | ० | ० | ० | ० | १११५३६ | ३६१५० | १४७६८६ | १८८७८ |